# देपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, डोटी
## Dipayal Silgadhi Municipality
### Office of the Municipal Executive, Doti

प.सं. :- ०७९/०८०
च.नं. :-

सिलगढी(Silgadhi)
सुदूरपश्चिम प्रदेश, नेपाल

### शिलबन्दी/ दरभाउ-पत्र आव्हान

चौथो पटक प्रकाशित मिति २०७९/०५/२३ गते

स्थानीय सरकार संचालन ऐन,२०७४ (परिन्छेद ९ मा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र) दफा ६०,६१ र दफा ६४ को उप दफा (ग)र (च) मा व्यवस्था भए वमोजिम र निम्न अनुसारका दररेट कायम हुने गरी दिपायल सिलगढी नगरपालिका कार्यालयको क्षेत्राधिकार भित्र पर्ने निम्न अनुसारका आयशिर्षकमा आ.व.०७९/०८० को आषाढ मसान्त सम्मका लागि निम्न बमोजिम सिलवन्दी /दरभाउ पत्र वढावढ्ढारा ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले देहायमा उल्लेखित प्रकृया तथा शर्तहरु वमोजिम सिलवन्दी दरभाउ पत्र पेश गर्न हुन ईच्छुक सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठे.नं. | ठेक्का लगाईने योजनाको नाम | न्यूनतम ठेक्का अंक | कैफियत |
|---|---|---|---|---|
| १ | २/०७९/०८० | न.पाक्षेत्रवाट निकासी हुने कवाडी मालसामान(कानुन निषेधित गरेको सामान वाहेक) | ७८८४९५।४५(साातलाख अठासीहजार चार सय पन्चानब्बे रुपैय पैसा पैचालीस (मू.अ.क.वाहेक) | दरभाउ-पत्र |
| २ | ३/०७९/०८० | वडा नं. ५ को बसपार्कको पार्किङ्ग शूल्क | ६७५००। (सरसठ्ठी हजार पाचँ सय) | दरभाउ-पत्र |
| ३ | ६/०७९/०८० | सटर नं.२ (दि.सि.न.पा. ६ वडा कार्यालय ) | १६२०००। (एकलाख बैसठ्ठी हजार) | दरभाउ-पत्र |
| ४ | ८/२०७९/०८० | सटर नं.४ (दि.सि.न.पा. ६ वडा कार्यालय ) | १०८०००(एक लाख आठ हजार) | दरभाउ-पत्र |
| ५ | ९/०७९/०८० | सटर नं.४ संग जोडीएको खाली जग्गा | ८६४००(छयासी हजार चार सय) | दरभाउ-पत्र |

### शिलवन्दी/दरभाउ पत्र पेश गर्दा अपनाउनु पर्ने प्रक्रियाहरु तथा पालना गर्नु पर्ने शर्तहरु :-

(१) ठेक्का लिन इच्छुक व्यक्ति/फर्मले सूचना प्रकाशित मितिले ४ औं दिनको कार्यालय समय भित्र दि.सि.न.पा.को कार्यालय वाट रु १०००।- फिर्ता नहुने गरी दरभाउ पत्र टेण्डर फाराम खरिद गर्न सकिनेछ।

(२) दरभाउपत्र खरीद गर्दा इजाजत पत्रको प्रमाणित प्रतिलिपी, करचुक्ता प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र सहित निवेदन पेश गर्नु पर्नेछ।

(३) यो सूचना प्रकाशित भएको मितिले ५ औं दिनको दिउसो १२.०० वजे भित्र दि.सि.न.पा.कार्यालय डोटीमा आफूले कवोल गरेको अंकको ५% रकम धरौटी रा.वा.वैंक डोटी शाखामा यस कार्यालयको ग ४१००१००३०३००००४ खातामा जम्मा गरेको भौचर वा नगदराखी शिलवन्दी /दरभाउ पत्र दर्ता गराई सक्नु पर्नेछ। र दर्ता हुन आएका सिलवन्दी /दरभाउ पत्र सोही दिनको २.०० वजे सम्वन्धित व्यक्ति/फर्म/ प्रतिनिधीहरुको रोहवरमा खोलीने छ साथै सम्वन्धित व्यक्ति वा फर्मको प्रोपराईटर अनुपस्थित रहेमा शिलवन्दी दरभाउ पत्र खोल्न कार्यालय लाई वाधा पर्ने छैन।

(४) शिलवन्दी / दरभाउ पत्र खरिद वा दर्ता गर्ने अन्तीम मितिमा सार्वजनिक विदा पर्न गएमा सो सम्वन्धी कार्य कार्यालय खुलेका दिनमा हुने छ।

(५) ठेक्का सदर भई सकेपछि सम्झौता गर्दाका वखत आफूले कवोल गरेको कुल रकम एकमुष्ट बुझाउन सक्नेछ। एकमुष्ट बुझाउन नसक्नेको हकमा ५०%रकम पहिलो किस्ता वापत सम्झौता गर्दा जम्मा गर्नुपर्नै छ र दोश्रो किस्ता चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ र दोस्रो किस्ताको हकमा यस कार्यालयको नाममा २०७९ साल चैत्र मसान्त सम्म म्याद भएको बैंक जमानत पत्र समेत पेश गर्नु पर्नेछ।

(६) स्वीकृत फर्मको धरौटी रकम फिर्ता गर्न यस कार्यालयमा बुझाउनु पर्ने सम्पुर्ण रकम बुझाए पछी कर चुक्ता प्रमाण पत्र यस कार्यालयमा पेश गरेमा मात्र फिर्ता गरिने छ।

(७) शिलवन्दी / दरभाउ पत्र पेश गर्दा खाम वाहिर स्पष्ट वुझिने गरी ठेक्का कार्यको नाम उल्लेख गरेको हुनु पर्नेछ।

(८) शिलवन्दी /दरभाउ पत्रमा अंक र अक्षरमा स्पष्ट लेख्नु पर्ने छ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

(९) ठेक्का वन्दोवस्त हुने विषयमा उठाउन पाईने करका दरहरु यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ।

(१०)फर्मले वुझाउनु पर्ने सम्पूर्ण करहरु कवोल गर्ने फर्मले वुझाउनु पर्नेछ।

(११)शुल्क उठाउने ३ प्रति भएको रसिद कार्यालयमा ल्याई उक्त रसिदको सि.नं. कार्यालयमा दाखिला गराई कार्यालय प्रमुखवाट प्रमाणित गराएर मात्र कर दस्तुर को लागि उक्त रसिद प्रयोगमा ल्याउनु पर्नेछ।

(१२)ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।

(१३) सम्मानित अदालत, नेपाल सरकार, दि.सि.न.पा.कार्यालय वाट हुने निति निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र लागू गर्नु व्यक्ति फर्मको कर्तव्य एंव दायित्व हुनेछ। निति निर्देशन वा आदेशको पालनाको कारणवाट कुनै हानी नोक्सानी हुन गएमा क्षतिपूर्तिको दावी व्यक्ति फर्मले दि.सि.न.पा.संग गर्न पाउने छैन।

(१४)यस विषयमा थप जानकारी चाहिएमा दि.सि.न.पा.कार्यालय राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

(१५)अन्य कुराहरु प्रचलित कानून वमोजिम हुनेछ।

(१६)प्रयोगमा ल्याईएका रसीद ठेलीहरु ठेक्का सम्झौताको अवधि समाप्त भएको १ (एक)हप्ता भित्र कार्यालयमा वुझाउनु पर्नेछ।

(१७)सटर भाडा सम्बन्ध स्वीकृत रकमको प्रत्यक आ.व.मा ५ प्रतिसत थप गरी ३ बर्ष सम्मको लागी सम्मको सम्झौता गर्न सकिने छ।

शंकर सुचिकार

प्रमूख प्रशासकिय अधिकृत